राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## सम्माननीय राष्ट्रपतिज्यू समक्ष राष्ट्रिय मानव अधिकार आयोगको आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन पेश गर्ने क्रममा आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरले प्रस्तुत गर्नुभएको मन्तव्य

**सम्माननीय राष्ट्रपतिज्यू,**
राष्ट्रिय मानव अधिकार आयोगको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन पेश गर्न अमुल्य समय उपलब्ध भएकोमा सम्माननीय राष्ट्रपतिज्यू समक्ष राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

नेपालको संविधानको धारा २९४ (१) मा भएको व्यवस्था बमोजिम राष्ट्रिय मानव अधिकार आयोगबाट आ.व. २०८१/८२ मा भएका कामकारबाहीको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्न गइरहेको छु । यस प्रतिवेदनमा मुलुकको मानव अधिकारको अवस्था र यस आयोगबाट सम्पादन भएका कार्यहरूको विवरण समावेश गरिएको छ । आयोगमा वर्षभरि परेका उजुरी, उजुरीउपर भएका छानबिन, अनुसन्धान, अनुगमन तथा नेपाल सरकारलाई गरिएका सिफारिसलगायतका विषयहरू प्रतिवेदनमा समावेश छन् ।

**सम्माननीयज्यू,**
आ.व. २०८१/८२ मा आयोगका कार्यालयहरूमा मानव अधिकारको उल्लङ्घनसम्बन्धी १०५ वटा उजुरीहरू दर्ता भएका छन् । यस अवधिमा आयोगबाट २८० वटा उजुरीमाथि अनुसन्धान सम्पन्न भई निर्णय भएको छ । अनुसन्धानसम्बन्धी विषयमा २२ पटक बैठक बसी ४९ वटा उजुरीगत सिफारिस र आठ वटा नीतिगत सिफारिस गरिएको छ । यस अवधिमा १५० उजुरीहरु तामेलीमा राखिएको छ भने छ वटा उजुरीहरू खारेज गरिएको छ । यस्तै दुई जनालाई विभागीय कारबाहीको सिफारिस गरिएको छ भने यस आ.व.मा आयोगले सात जना पीडित तथा पीडितका परिवारका नाममा ४७ लाख ७२ हजार ४८९ रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिससमेत गरेको छ । सिफारिस कार्यान्वयन अवस्था हेर्दा पूर्ण कार्यान्वयन भएको १३.२९ प्रतिशत, आंशिक कार्यान्वन ३४.१२ प्रतिशत र कार्यान्वनको प्रक्रियामा ५२.६० प्रतिशत रहेका छन् ।
यस अवधिमा मानव अधिकारका विभिन्न विषयमा २२६ पटक अनुगमन गरिएको छ । जसमा नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत कैदी बन्दीको अधिकार, न्यायप्रशासन, शान्तिपूर्ण रुपमा प्रदर्शन गर्ने अधिकार लगायत छन् । त्यस्तै, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अन्तर्गत स्वास्थ्यको अधिकार, स्वच्छ वातावारणको अधिकार, उपभोक्ताको अधिकार, विपद् प्रभावितहरुको अधिकार रहेका छन् भने सिमान्तकृत वर्गको अधिकार अन्तर्गत जेष्ठ नागरिक, महिला, बालबालिका, जातीय विभेद, अल्पसङ्ख्यक समुदायको अधिकार लगायत रहेका छन् ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


आयोगमा प्राप्त भएका १ हजार १९ वटा निवेदनहरुमा केन्द्रीत रही पीडितहरुलाई मनोसामाजिक परामर्श, सम्बन्धित न्यायिक तथा अर्द्धन्यायिक निकायमा उपचार खोज्न सुझाव वा उजुरी कारबाही प्रक्रियामा लैजान सहयोग गरिएको छ ।

**सम्माननीयज्यू,**

मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न आयोगले सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकार, मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु, मानव अधिकार रक्षकहरु, गैरसरकारी संघसंस्था, नागरिक समाज, व्यावसायिक संघसंस्थाहरु र अन्तर्राष्ट्रिय समुदायसँग समन्वय र सहकार्य गर्दै आएको छ । नेपाल सरकार, अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज, अधिकारकर्मी र दातृ निकायबाट प्राप्त सहयोग, समन्वय तथा समर्थनका कारण आयोग स्थापनाकालदेखि नै निरन्तर 'क' श्रेणीमा रहँदै आएको छ ।

उल्लिखित उपलब्धिका बावजुद् मानव अधिकारको संरक्षण र संबर्द्धन गर्ने कार्यमा केही चुनौतीहरु रहेका छन् । पर्याप्त स्रोत उपलब्ध हुन नसक्नु, आफ्नै भवन नहुनु, द्वन्द्वकालिन मुद्धाहरुको सम्बोधनमा विलम्ब हुनु, सिफारिस कार्यान्वयनको न्यूनताका कारण दण्डहीनताले प्रश्रय पाउनु, मानव अधिकारप्रति परम्परागत सोच जस्ता चुनौतीहरु रहेका छन् । विपद् जोखिम न्यूनीकरणका लागि विपद्को पूर्व तयारी, राहत, उद्धार र पुनस्थापनामा तीनै तहका सरकारबिच समन्वयात्मक भूमिका आवश्यक छ ।

नेपालको संविधानमा मानव अधिकारका थुप्रै विषयहरु मौलिक हककोरुपमा समावेश गरिएका छन् । यद्यपि यसको व्यवहारिक प्रचलन तथा उपभोगको अनुभूति हुन नसकेको अवस्था छ । नीतिगत तथा कानूनी व्यवस्थालाई व्यवहारिकरुपमा कार्यान्वयनमा लैजानु महत्वपूर्ण पक्ष हो भन्ने आयोगले महसुस गरेको छ । त्यस्तै, मानव अधिकारका आधारभूत विषयहरु आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको परिपूर्ति, जलवायु परिवर्तन र त्यसको प्रभाव, स्वच्छ वातावरणको अधिकार, व्यवसाय र मानव अधिकारका साथै सिमान्तकृत वर्गको मानव अधिकार सुनिश्चितता समेत चुनौतीको विषय बनेको छ । तथापि, चुनौती र अप्ठ्याराहरुका बाबजुद मानव अधिकारको संरक्षण, संबर्द्धन तथा प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्ने आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न आयोग प्रतिबद्ध छ ।

आयोगलाई आफ्नो कार्य सम्पादनको क्रममा प्राप्त सद्भाव, सहयोग र समर्थनप्रति राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संसद्, सरकार, दातृ निकाय राजनीतिक दल, मानव अधिकार समुदाय, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, सम्माननीय राष्ट्रपतिज्यूबाट आयोगलाई प्राप्त सद्भाव र सहयोगका लागि हार्दिक आभार प्रकट गर्दै आफ्नो भनाई अन्त्य गर्दछु ।

धन्यवाद !

तप बहादुर मगर
अध्यक्ष

२१ मङ्सिर २०८२


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org